Reg. No. 681 SWC Aff. No. 15556

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागि:

राष्ट्रिय दलित नेटवर्क, नेपाल

Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली सम्पर्क कार्यालय अनामनगर, काठमाण्डौं मिति : २०६८/१२/२७

# प्रेश बिज्ञप्ती

## *स्व. सुभाष दर्नाल मरणोप्रान्त पुस्कारद्धारा सम्मानित*

राष्टिय दलित नेटवर्क (RDN) नेपाल द्धारा हरेक वर्ष दलित संसदमा वितरण गरिने टिकाराम पार्की मानव मर्यादा पुरस्कार २०६८ द्धारा यस वर्ष नेपाली नागरिक आन्दोलनका अभियन्ता , माानव अधिकारकर्मी स्व. सुभाष दर्नाललाई मरणेप्रान्त सम्मानित गरिएको छ ।

सुभाषको लगनशिलता, आन्दोलनको निरन्तरता र आन्दोलनको छवी र आजीवन संघर्षशिल व्यक्तित्वको कदर गर्दै राष्टिय दलित नेटवर्क (RDN) नेपालले दलित सूचना मेला २०६८ को समापन समारोहको अवसरमा आज स्व. दर्नालका श्रीमती सरिता परियार, आमा सरिता दर्नाल र बुवालाई बुटवलमा उक्त मरणेप्रान्त पुरस्कारबाट सम्मानित गरेको हो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथी तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पोलिटब्यूरो सदस्य एवं पूर्वमन्त्री छवीलाल विश्वकर्माले मानव मर्यादा पुरस्कारको घोषणा गर्नु भएको थियो । सो अवसरमा राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालका केन्द्रीय अध्यक्ष श्री गणेश वि.के.ले नगद रु ५१८२। र संगठनको लोगो प्रदान गर्नु भएको थियो भने नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाका केन्द्रीय सहसंयोजक रणेन्द्रं बरालीले स्व. सुभाष दर्नालकी श्रीमती सरिता परियारलाई दोसल्ला ओडयाएर सम्मान गर्नु भएको थियो भने समता फाउण्डेसनका अध्यक्ष पदम सुन्दासले स्व. सुभाष दर्नालका आमाबुवालाई दोसल्ला ओडयाएर सम्मान गर्नु भएको थियो ।

यस अघी मानव अधिकारकर्मी स्व. सुभाष दर्नालको अमेरिकाको वासिङ्गटन डिसीस्थित डलस ईन्टरनेसनल एयरपोर्ट देखि १० माईल्स पर डलस एक्सप्रेस हाईवेमा १५ अगस्त २०११ बिहान ७:३० बजे (अमेरिकी समय अनुसार) एक कार दुर्घटनामा परि अल्पआयुमा असमायिक निधन भएको थियो । उक्त कार्यक्रममा महिला पुरुष गरि जम्मा १००० जनाको सहभागिता रहेको थियो ।

गणेश बि.के.
केन्द्रीय अध्यक्ष

“छुवाछूत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं” "Another Nepal Without Untouchability is Possible ! Let us Build It !!"

RDN Nepal Central Office, Dhangadhi, Kailali, Nepal, Tel: 091-520604, Fax: 091-524729
E-mail: gaps2rdn@yahoo.com , rdnnepal@ gmail.com